५८

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. २३३/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ......................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल काठमाडौं .......................१ विपक्षी
सूचना अधिकारी, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल काठमाडौं .......................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बवरमहल काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा. निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल काठमाडौंको मिति २०७१।१०।१, च.नं. ७९४, प.सं. ४९/४३/०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।